# लोक सेवा आयोग

## प्रेस विज्ञप्ति

### आयोगको आर्थिक वर्ष २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सम्बन्धमा

लोक सेवा आयोगको आर्थिक वर्ष २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका आयोगबाट स्वीकृत भएको छ । आयोगले निजामती सेवा, स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवाको पदपूर्तिका लागि विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी/तह तथा पदहरुको पदपूर्ति हुने किसिम, तिनको विज्ञापन/सूचना प्रकाशन गर्ने, लिखित परीक्षा सञ्चालन गर्ने, लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने तथा अन्तर्वार्ता र नियुक्तिको लागि सिफारिश गर्ने समयावधि समेत उल्लेख भएको वार्षिक कार्यतालिका स्वीकृत गरी प्रत्येक आर्थिक वर्षको सुरुदेखि कार्यान्वयनमा ल्याउने गरेको थियो । नेपालको संविधान (२०७२) मा निजामती सेवाका पदहरुको पदपूर्तिका साथै सुरक्षा निकाय र अन्य सरकारी सेवा/संगठित संस्थाहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगले गर्ने भनी उल्लेख भए बमोजिम आर्थिक वर्ष २०७३/७४ मा पदपूर्तिका लागि निजामती सेवा र सुरक्षा निकाय तथा अन्य सरकारी सेवा/संगठित संस्थाको छुट्टाछुट्टै वार्षिक कार्यतालिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसरी पदपूर्ति गर्नुपर्ने सुरक्षा निकाय अन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहेका छन् भने संगठित संस्थाहरुतर्फ नेपालको संविधानमा उल्लेख भए अनुसार पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र अन्य संगठित संस्थाहरु पर्दछन् । सुरक्षा निकाय तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरुको हकमा सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश गर्ने व्यवस्था रहेको छ । सम्बन्धित सबै पक्षहरुलाई वार्षिक कार्यतालिका अनुसार गर्न गराउनु हुन लोक सेवा आयोग हार्दिक अनुरोध गर्दछ ।

(लक्ष्मी विलास कोइराला)
प्रवक्ता
मिति २०७३/३/३१